प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

बागमती प्रदेश हेटौडा

प्रेस विज्ञप्ति

प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोगको सचिवालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

बागमती प्रदेश विकास परिषदको बैठक आज मिति २०७७/०९/०६ गते विहान ८ बजे देखि राष्ट्रिय प्रकृति संरक्षण कोषको सभाहल चितवनको सौराहामा शुरु भई १ बजे सम्पन्न भएको थियो। उक्त कार्यक्रम प्रदेश विकास परिषद एवं प्रदेश नीति तथा योजना आयोगका अध्यक्ष तथा बागमती प्रदेशका माननीय मुख्यमन्त्री डोरमणि पौडेलज्यूको अध्यक्षता तथा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलज्यूको प्रमुख आतिथ्यता रहेतापनि उहाँ उपस्थित हुन सक्नुभएन र राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रामकुमार फुयालको आतिथ्यमा सम्पन्न भयो।

प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्य डा. यमुना कडेलज्यू वाट संचालन भएको कार्यक्रममा आयोगका का.वा. उपाध्यक्ष माननीय श्याम कुमार वस्नेतवाट स्वागत मन्तव्य भएको थियो भने कार्यक्रममा प्रदेश विकास परिषदको बैठकमा सबैलाई स्वागत गरी छलफलकै माध्यमबाट संघ, प्रदेश र स्थानीय तहको योजना छनौट, समन्वय, सहकार्य गरी अगाडि बढन सबैलाई अनुरोध गर्नुभयो। उक्त परिषदको बैठकमा नीति तथा योजना आयोगका सदस्य सचिव श्री डण्डुराज घिमिरेज्यूले स्थानीय तहको आवधिक योजना बनाउने सम्बन्धमा र प्रदेशले दिने योजना छनौटका मापदण्डका सम्बन्धमा आफ्नो प्रस्तुति गर्नुभयो। त्यसपश्चात कार्यक्रममा फ्लोर खोलिएको थियो जसमा प्रदेश विकास परिषदका सदस्यहरू तथा आमन्त्रित महानुभावहरूले स्थानीय तहको आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धमा आ-आफ्ना महत्वपुर्ण सुझावसहितका भनाइहरू प्रस्तुत गर्नुभएको थियो।

प्रदेश विकास परिषद्को अध्यक्ष तथा मुख्यमन्त्री डोरमणि पौडेलको अध्यक्षता बसेको उक्त बैठकमा विगत एक वर्षमा सम्पन्न भएका कार्यहरूको समीक्षा, योजना तर्जुमा तथा बजेट निर्माण प्रणाली, परियोजना बैंक स्थापना, स्थानीय तहको आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमाका लगायतका विषयमा छलफल भएको थियो। उक्त बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्कट्टेल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरूणप्रसाद नेपाल, आर्थिक मामिला तथा योजना मन्त्री कैलाशप्रसाद ढुङ्गेल, सामाजिक विकास मन्त्री युवराज दुलाल, भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फूँयाल, राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फूँयाल, प्रदेश सभाका विभिन्न समितिका सभापतिहरू, नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चेम्बर अफ कमर्शका प्रतिनिधि, प्रदेश विकास परिषदका सदस्यहरू, प्रदेश नीति तथा आयोगका पदाधिकारी, प्रदेश सरकारका प्रमुख सचिव, सचिवहरूको सहभागिता रहेको थियो। बैठकका सहभागीहरूले प्रदेश सरकारको योजना तथा बजेट तर्जुमा प्रणालीलाई थप व्यवस्थित बनाउन कार्यविधि बनाई लागू गर्नुपर्ने, प्रदेश आयोजना बैंक स्थापना गर्नुपर्ने र तीनै तहको सरकारका कार्यहरूलाई व्यवस्थित बनाउन, संघीय तथा प्रादेशिक आवधिक योजना र दिगो विकासका लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्नका लागि स्थानीय तहको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जूमा गर्न स्थानीय तहलाई प्रदेश सरकारले सहयोग गर्नु पर्ने कुरामा जोड दिदै माननीय मुख्यमन्त्रीज्यूले कार्यक्रम समापन गर्नुभएको थियो।

प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोगको सचिवालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

चिरञ्जीविप्रसाद पौडेल

सूचना अधिकारी/शाखा अधिकृत

il.com